नेपाल सरकार

संस्कृति ,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## पर्यटन विभाग

### पुराना जिन्सी विद्युतीय मालसामान (कम्प्यूटर, ल्यापटप, प्रिन्टर लगायत) वार्ताद्वारा सोझै लिलाम बिक्री गर्ने सम्वन्धी सूचना

(मिति २०७८।०३।३१)

यस विभागमा रहेका पुराना जिन्सी विद्युतीय मालसामान (कम्प्यूटर, ल्यापटप, प्रिन्टर लगायत) जे जस्तो अवस्थामा जहाँ छन् सोही अवस्थामा सोही स्थानबाट बार्ताद्वारा सोझै लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनी निम्नानुसारका शर्त बमोजिम सहभागी हुन यो सूचना प्रकाशित गरिएकोछ ।

१. वार्ता प्रकृया २०७८ साल साउन ६ गते बुधवार दिनको १ बजे शुरु हुनेछ र सो दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन १ बजे हुनेछ ।

२. वार्ताको न्यूनतम मूल्यांकित रकम रु. १०६१६१।१८ (एक लाख छ हजार एक सय एकसठ्ठी रुपैया अठार पैसा मात्र) हुनेछ र यो मूल्य भन्दा माथि कबोल गरी लिलाम बिक्री हुनेछ ।वार्ताद्वारा कवोल गरेको रकममा थप १३ प्रतिशत मूल्य अभिबृद्धि कर लाग्नेछ ।

३. वार्तामा सहभागी हुने इच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीले मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७६।७७ सम्मको करचुक्ता पत्रको प्रमाणित प्रतिलिपि र इच्छुक व्यक्तिले नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित उपस्थित हुनु पर्नेछ ।

४. कबोल अंक स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहनेछ ।

५. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

६. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा वा उल्लेखित सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समयभित्र विभागको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।

७. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम रीत नपुगी आएको, सिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. यो सूचना पर्यटन विभागको वेभसाइट www.tourismdepartment.gov.np मा समेत हेर्न सकिनेछ ।

शाखा अधिकृत

पर्यटन विभाग

भृकुटीमण्डप